स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कुनै बेला अभिनेता अक्षय कुमारलाई बलिउडमा हिटको ग्यारेन्टी मानिन्थ्यो। उनका एकपछि अर्को फिल्म सफल भइरहेका थिए। जसले गर्दा पारिश्रमिक पनि दिनप्रतिदिन चर्किँदै थियो। तर, यतिबेला उनको करिअर नै संकटग्रस्त बनेको छ। उनले ठूलो आशा गरेका फिल्महरु एकपछि अर्को गर्दै बक्स अफिसमा पिटिरहेका छन्। ३ वर्षमा मात्र उनका करिब ९ वटा फिल्म 'डिजास्टर' बने।

आजको विचार...



अग्नि...
(दुई पेजमा)

डा. डीआर उपाध्याय



चलचित्र विकास बोर्डमा २ वर्षे कार्यकाल सकाएर अभिनेता भुवन केसी अध्यक्ष पदबाट विदा भएका छन् । जहाँ भुवनले आफ्नो कार्यकालमा भएका उपलब्धिहरुको बारेमा जानकारी दिँदै सरकारप्रति गुनासो र आक्रोश पनि व्यक्त गरे। फिल्म क्षेत्रलाई सरकारले कुनै योगदान नगरेको उनको गुनासो थियो। भुवनले भने, 'नेपाली फिल्म खेल्ने रहरले मलाई चलचित्र विकास बोर्डको अध्यक्षसम्म ल्याइपुर्‍यायो। फिल्म क्षेत्र यहाँसम्म आइपुग्नु कम भने छैन। नेपाली फिल्मले धेरै छलाङ मारेको छ।

❒ वर्ष ३० ❒ अंक १४ ❒ २०८१ साउन १४ गते सोमबार 29 July 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# महँगीको मारमा उपभोक्ता

## सामान्य आय भएकालाई भान्सा चलाउनै कठिन

रामचन्द्र रायमाझी

**पाल्पा,** साउन १३/दैनिक उपभोग्य वस्तुको भाउ बढेको बढ्यै छ । पछिल्लो एक वर्षको बिचमा भाउ नबढेको उपभोग्य वस्तु भेटिँदैन पनि । खाद्यान्न र दैनिक उपभोग्य वस्तुको मूल्य कम्तीमा १० देखि १५ प्रतिशत बढेको छ । उपभोग्य वस्तुको मूल्य आकासिए पनि अनुगमन गरी बजारलाई नियमन गर्नेतर्फ सम्बन्धित निकायले चासो राखेका छैन, जसको प्रत्यक्ष मारमा आमउपभोक्ता पर्दै आएका छन् ।

खास गरी बजारमा चिनी, तेल, मरमसला, आलु, प्याज, तरकारी, फलफूलगायतका खाद्यवस्तु अत्यधिक महँगिएको छ । उपभोग्य वस्तुको मूल्य आकासिएपछि न्यून आय भएका किसान तथा दैनिक मजदुरी गर्ने श्रमिकका लागि भान्सा चलाउनै कठिन हुने गरेको छ । कमाइ नबढ्ने तर महँगी भने दिनदिनै बढिरहने समस्याले सीमित आय भएकालाई जीवनयापन गर्न कष्टकर बन्दै गएको तितो यथार्थबाट अनभिज्ञ कोही छैन । चाडपर्वमा मात्र नभएर



बर्खामा पनि तरकारीको बजारभाउ उसरी नै महँगिने गरेको छ । देशका ठूला शहरमा जस्तै पाल्पाका बजारमा पनि महँगी यतिबेला आकासिएको आमउपभोक्ताको गुनासो छ । पाल्पाको तानसेनमा १५ दिन अघि ५० रुपैयाँ किलोमा बिक्री भएको आलु यसै साता ६५ देखि रुपैयाँमा किनबेच भएको छ । सुकेको प्याजमा २० रुपैयाँ भाउ बढेको छ । दुई हप्ता अघि ८० रुपैयाँ किलोमा बिक्री भएकोमा अहिले १०० रुपैयाँ पुगेको छ । काउली प्रति केजी १ सयदेखि १ सय २०, बोडी प्रतिकेजी १ सय ६० रुपैयाँमा विक्री हुँदै आएको खुद्रा व्यवसायीहरु बताउँछन् । बजारमा १५ दिन अघि एक सय रुपैयाँमा विक्री हुँदै आएको चिनी अहिले एक सय १० रुपैयाँमा विक्री हुँदै आएको छ । स्याउ प्रतिकेजी ३ सय ५०, आँप प्रति केजी १ सय ४० देखि १ सय ६० रुपैयाँमा विक्री भएको छ । उपभोक्ताको भान्सामा अनिवार्य प्रयोग हुने यी खाद्यवस्तुको भाउ निकै बढेको छ । तरकारी र फलफूलको मूल्यवृद्धि भएपछि निम्न आम्दानी भएकालाई दैनिक गुजारा चलाउन हम्मेहम्मे छ ।

सानोतिनो कमाइले परिवार पाल्न गाह्रो भएको तानसेन भगवतीटोलकी शान्त ढकालले सुनाइन । दैनिक एक हजार रुपैयाँले चार जनाको परिवारलाई सामान्य खाएर दुई छाक टार्न गाह्रो भएको अनुभव उनको छ । ढकालले भनिन्, 'काम गरेको ठाउँमा तलब बढेको छैन, १५ दिनको बिचमा खाने कुराको भाउ बढेर कहाँ पुग्यो कसरी बाँच्ने हो ? गरिबलाई त बाँच्नै गाह्रो भइसक्यो ।' तरकारीको भाउ बढेर भान्सा चलाउन हम्मे हम्मे परेको तानसेनको शितलपाटीस्थित तरकारी पसलमा भेटिएकी भिमा कार्कीले बताइन् । 'निम्न तलब हुनेलाई घरखर्च चलाउनै कठिन छ,' उनले भनिन् । तरकारीको भाउ बढ्नुमा बिचौलिया प्रमुख कारण हुन् । किसानले कम मूल्य पाएका छन् भने उपभोक्ताले चर्को मूल्य तिर्न बाध्य छन् । ढकाल र कार्की त प्रतिनिधि पात्र मात्रै हुन् । महँगीको चर्को मारमा दैनिक काम गरेर कमाएको ज्यालाले परिवार पाल्नुपर्ने र न्यून आय भएका आमउपभोक्ता परेका छन् । महँगीका कारण निम्न आय भएकाहरु मात्र होइन, कोठा भाडामा लिएर पढ्न बसेका विद्यार्थीहरु समेत बढी मर्कामा परेका छन् । अचाक्ली महँगीका कारण अड्कालेको पैसाले साझाँ, विहानको भान्सा चलाउनै सकस भइरहेको विद्यार्थीहरुको गुनासो छ । तानसेनको मखनटोलमा कोठा भाँडामा बस्दै आएकी माथागढीकी रुकमाया सारुलाई महंगीले सकस बनाएको छ । विगत तीन वर्षदेखि अध्ययनका लागि तानसेनमा बस्दै आएकी उनी त्रिभुवन बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थी हुन् । उनी बजारमा भाउ अचाक्ली बढेको बताउँछिन् । घरबाट बुवा आमाले ३ महिनाका लागि भनेर अड्कलेर खर्च पठाइदिनुहुन्छ तर महंगीले गर्दा त्यो खर्चले १ महिना पनि धान्न धौंधौं हुने गरेको उनको गुनासो छ । 'साँझ, बिहानको तरकारी किन्नकै लागि साथमा दुई/तीन सय रुपैयाँ नभएसम्म हुँदैन । यसरी बजारमा बसेर पढ्न नसक्ने अवस्था आयो' सारुले भनिन् । सारु मात्रै होइन अध्ययनका लागि घर छाडेर बजार आएका सामान्य परिवारका विद्यार्थीहरुलाई महंगीले सास्ती खेप्नु परेको छ । तरकारी पनि ठाउँ हेरेर सस्तो वा महँगो छ । थोक विक्रेता कहाँबाट किन्दा केही सस्तो भएपनि चोक चोकमा खुद्रा पसलमा आइपुग्दा तरकारीको भाउ जिब्रो नै टोक्न मन लाग्ने गरी महँगो छ । चामल, गहुँ दालसमेत सबै खालका खाद्यवस्तु बढेको छ । व्यापारीहरुले चिनी, तेलको भाउ आफूखुसी बढाएका छन् । महँगीको प्रभाव सबैतिर देखिएको छ । बजार अनुगमन तथा मूल्य नियन्त्रण गर्ने जिम्मा पाएका सम्बन्धित निकायहरु नै सामान्य मूल्य वृद्धि स्वाभाविक भएको ठान्छन् । जसका कारण विद्यार्थी जस्तै निम्न आय भएका नागरिक समस्यामा परेका छन् ।

### सक्षिप्त समाचार

## चीनमा पहिरोमा परी ११ जनाको मृत्यु


(रासस/एएफपी)

**सौाई,** साउन १३/मध्य चीनको हुनान प्रान्तमा आएको आकस्मिक बाढीले निम्त्याएको पहिरोबाट स्थानीय अतिथिगृह ध्वस्त भएको र ११ जनाको मृत्यु हुनुका साथै कम्तिमा एक जना अझै बेपत्ता रहेको चिनियाँ राष्ट्रिय सञ्चारमाध्यम (सिसिटिभी) ले आइतबार जनाएको छ ।

आधिकारिक प्रसारणकर्ता सिसिटिभीले पहिरोमा १८ जना पुरिएको प्रारम्भिक जानकारी उपलब्ध गराएको थियो । आइतबार दिउँसोसम्म ११ जनाको शव र छ जना घाइतेको उद्धार गरेको बताइएको छ ।

घटनास्थलमा २४० भन्दा बढी आपतकालीन कर्मचारी परिचालन गरिएको र उद्धार कार्य जारी रहेको सिसिटिभीले समाचारमा उल्लेख गरेको छ । यस महिनाको सुरुमा उत्तर र दक्षिणपश्चिममा आएको आकस्मिक बाढीले कम्तीमा २० जनाको ज्यान लिएको थियो । मे महिनामा दक्षिणी चीनमा केही दिनको लगातार वर्षाका कारण राजमार्गको पुल खस्दा ४८ जनाको मृत्यु भएको थियो ।

## बेपत्ता बस र यात्रु नभेटाई फर्कियो भारतीय टोली



**पाल्पा,** साउन १३/नारायणगढ-मुग्लिन सडकको सिमलतालमा पहिरोमा बगेर त्रिशूली नदीमा खसेर बेपत्ता भएका दुई वटा बस र यात्रुको खोजीका लागि आएको भारतीय उद्धार टोली फर्किएको छ । साउन ५ गते आइतबारदेखि खोजी कार्यमा जुटेको भारतीय टोली बेपत्ता बस र यात्रु नभेटाई आइतबार फर्किएको हो ।

खोजीका लागि आएको भारतीय प्राविधिक टोलीले चुम्बक प्रयोग गरे पनि बसको कुनै पत्तो लागेन । गोताखोर र सोनार क्यामेरासहित खोजीमा संलग्न भारतीय टोलीले शनिबार १४ किलो र १९ किलोका दुईवटा चुम्बक प्रयोग गरेका थिए । तीमध्ये १९ किलोको चुम्बक त्रिशूलीमै हराएको छ । लगातार ८ दिनसम्म अत्याधुनिक प्रविधिसहित त्रिशूलीका विभिन्न ठाउँमा हराएका खोज्दा पनि नभेटिएपछि टोली फर्किएको हो । उनीहरुलाई आइतबार बिदाइ गरिएको छ ।

असार २८ गते शुक्रबार बिहान काठमाडौंबाट गौर आउँदै गरेको प्रदेश ०३-००१ ख २४९५ नम्बरको गणपति यातायातको बस र बीरगञ्जबाट काठमाडौं जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एन्जल नामको यात्रुबस नारायणगढदेखि करिब २३ किलो मिटरपूर्व उत्तर सिमलताल सिँदुरेगैरामा झरेको लेदोसहितको पहिरोमा बग्दै त्रिशूलीमा खसेर बेपत्ता भएका थिए ।

-बाँकी अन्तिम पेजमा...

## गुल्मीमा एक महिनादेखि उडान अवरुद्ध

**गुल्मी,** साउन १३ /जिल्लाको रेसुङ्गा विमानस्थलमा एक महिनादेखि हवाई उडान प्रभावित बनेको छ । वर्षाको समयमा पानी परिरहने र बाक्लो कुहिरो लाग्ने भएकाले असार दोस्रो सातादेखि उडान अवरुद्ध बनेको रेसुङ्गा विमानस्थलका प्रमुख सुमन थापाले जानकारी दिए ।

उनका अनुसार पछिल्लो समयमा साताको तीनपटक नियमित उडान गर्दै आएको नेपाल एयरलाइन्सले असार १४ गतेपछि उडान गर्न सकेको छैन । रेसुङ्गा (काठमाडौं) र काठमाडौं रेसुङ्गाका लागि टिकट काटेका यात्री दैनिक विमानस्थल पुगेर फर्किने गरेको बताउँछन् । मौसममा सुधार नआउँदासम्म नियमित उडानमा समस्या हुने भएकाले यात्रीको सुरक्षालाई ध्यान दिँदै उडान रोकिएको प्रमुख थापाले



बताए । गुल्मीको रेसुङ्गा विमानस्थल निगमको १८ सिट क्षमताको ट्विनअटर जहाजले उडान गर्दै आइरहेको छ । काठमाडौँबाट बिहान ६:३० बजे र रेसुङ्गा विमानस्थलबाट बिहान ७:३० बजे नियमित उडान तालिका छ । सोही तालिकाअनुसार निगमले काठमाडौँबाट रेसुङ्गा लागि सात हजार पाँच सय र रेसुङ्गाबाट काठमाडौँका लागि सात हजार तीन सय भाडादर निर्धारण गरेको छ । जिल्लामा गत वर्षदेखि व्यावसायिक रुपमा हवाई उडान सुरु गरिएको थियो । रेसुङ्गा विमानस्थलमा दिउँसोको समयमा अत्यधिक हावा चल्ने भएकाले प्राविधिक दृष्टिकोणले बिहान ११ बजेसम्म मात्र उडान भर्न उपयुक्त मानिन्छ । पछिल्लो समयमा हवाई उडान सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकको संख्यामा समेत वृद्धि हुँदै गएको छ । रेसुङ्गा विमानस्थलबाट काठमाडौँका लागि एक वर्षमा एक सय २५ उडान भइसकेका विमानस्थल कार्यालयले जनाएको छ । उक्त विमानस्थल सदरमुकाम तम्घासबाट पाँच किलोमिटरको दूरीमा पर्दछ ।**-रासस**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## बाघ संरक्षण आजको आवश्यकता

बाघलाई संसारभर प्रतीकात्मक प्राणीका रूपमा लिने गरिन्छ । प्राकृतिक सम्पदाका रूपमा रहेको बाघलाई सांस्कृतिक तथा ऐतिहासिक दृष्टिकोणले पनि महत्वपूर्ण मानिन्छ । जैविक प्रणालीलाई सन्तुलनमा राख्न पनि यसले महत्वपूर्ण योगदान पुऱ्याएको छ । खाद्य शृङ्खलामा बाघ मुख्य शिकारी वन्यजन्तु भएका कारणले अन्य जनावरलाई नियन्त्रणमा राखी वातावरण सन्तुलन गराउन समेत यसको उल्लेखनीय योगदान रहन्छ । तर बाघको संरक्षणमा भने चुनौति देखिएको छ । पछिल्ला वर्षहरूमा नेपालमा बाघको संख्या उल्लेख्य रूपमा बढेको छ । बाघको प्रभावकारी व्यवस्थापन गर्न नसक्दा मानव–बाघबिच द्वन्द्व समेत बढ्ने जोखिम उत्तिकै छ । देशका केही राष्ट्रिय निकुञ्जमा वन्यजन्तुको संख्या वृद्धि भइरहेको छ । वन्यजन्तुको बढ्दो भीडले निकुञ्जहरु साँघुरिएर बाघको प्राकृतिक वृद्धिका लागि प्रतिकूल बनिरहेका छन् ।

नेपालले बाघ वृद्धि गर्ने विषयमा चासो दिए पनि त्यसको दीगो संरक्षणमा भने त्यत्ति चासो दिएको देखिदैन । बाघको संख्या बढेसँगै यसको दीगो संरक्षणमा चुनौती थपिएको छ । मानवसँगको बढ्दो द्वन्द, साँघुरिएको बासस्थान र आहारा अभाव लगायत चोरी सिकारीको थ्रेट पछिल्लो समय बाघ संरक्षणमा प्रमुख चुनौतीका रुपमा देखिएको छ । बाघको संख्यात्मक वृद्धि भएसँगै मध्यवर्ती क्षेत्रका वनहरुमा हिंडडुल बढेको पाइन्छ । विकास निर्माण लगायत वनक्षेत्र अतिक्रमणका कारण बाघको नयाँ बासस्थानमा समस्या आएको छ । घाँसेमैदानहरु घट्न गई आहारा प्रजातीको वृद्धिदर घटेको छ । बाघको बासस्थान पनि चरम रुपमा अतिक्रमण भइरहेको छ । यस्तो अवस्थामा बाघहरुको आहारा र सुरक्षित वासस्थानको ब्यवस्थापन गर्न आवश्यक छ । हुन त बाघ संरक्षणसम्बन्धी जनचेतना फैलाउने मुख्य उद्देश्यले आजकै दिन प्रत्येक वर्ष अन्तर्राष्ट्रिय बाघ दिवस मनाइन्छ । सन् २010 मा रुसको सेन्ट पिटर्सबर्गमा भएको बाघ पाइने १३ देशको सम्मेलनले जुलाई २९ लाई अन्तर्राष्ट्रिय बाघ दिवसको रुपमा मनाउने निर्णय गरे अनुसार हरेक वर्ष यो दिवस मनाउने गरिएको हो । तर बाघ संरक्षण भने हुन सकिरहेको छैन । यो अत्यन्त दुखको कुरा हो । बाघको चोरी शिकारी तथा बाघका अङ्गहरूको अवैध व्यापार समेत हुने गरेको छ । यसलाई रोक्नु पनि अहिलेको आवश्यकता हो । बाघ र मानव बीचको द्वन्द्व न्यूनीकरण गर्न र स्थानीय बासिन्दाको वन पैदावार माथिको निर्भरता कम गर्न जीविकोपार्जनका वैकल्पिक कार्यक्रमहरू सञ्चालन गर्न सकियो भने बाघ संरक्षण गर्न सकिन्छ । यसर्थ तीनै तहका सरकारले बाघ संरक्षणमा ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

चाहिने भन्दा धेरै घमण्ड गर्नु राम्रो होइन..
यहाँ दाउरा को मुल्य हुन्छ खरानी को होइन..!
*(मनिषा आलेकोफेसबुक स्टाटसबाट www.facebook.com//Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अग्नि परीक्षामा कांग्रेस–एमाले



डा. डीआर उपाध्याय

चौथो पटक देशको बागडोर सम्हाल्न आइपुगेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका अगाडि सम्भावनासँगै जटिल चुनौती छन् । प्रतिनिधिसभाको ठूलो दल नेपाली कांग्रेसको समर्थनमा प्रधानमन्त्री बनेका ओलीका लागि केही गरेर देखाउने ठूलो अवसर पनि छ । त्यसो त उनले पदका लागि मात्रै आफू पुनः प्रधानमन्त्रीको जिम्मेवारीमा नआएको बताउँदै आएका छन् । कांग्रेस-एमालेबीच भएको सत्ता सम्झौताका सात बुँदाहरू सार्वजनिक भएका छन् । मुख्य कुरा संविधान संशोधन छ । तर, यो जटिल विषय हो । संविधान निर्माण भएको १० वर्षपछि त्यसका हेरफेर गर्ने र समयानुकूल संशोधन गर्ने जिम्मेवारी प्रधानमन्त्री ओलीमाथि छ । यदि भित्री रूपमा अरू केही छैन भने बाहिर देखिएका विषयमा यी दुई दल स्थायी सरकारको अवधारणसहित संविधान संशोधनको एजेण्डालाई अघि सारेर सहकार्यमा छन् ।

वर्तमान सरकारमा अहिले जनतामा आएको चरम निराशालाई आशामा बदल्ने चुनौती छ । देशको राजनीतिक अवस्था अस्थिर र तरल भयो । दलका नेताहरू केवल सत्ताको खेलमा मात्र रुमलिरहँदा जनता झन् अधोगतिको यात्रा छन् । राजनीति दल र तिनका नेताहरू सत्ता स्वार्थबाहेक अरू केही हेरेनन् । छ/छ महिनाको सेरोफेरोमा सरकार बनाउने र ढलाउने खेलमा दलहरू र तिनका शीर्ष नेताहरू लागिरहेको विगतको इतिहास छ । यो घिनलाग्दो र फोहोरी खेलमा कति वर्षसम्म समय बिताउने ? आज केन्द्रको सरकार परिवर्तन हुँदा प्रदेश सरकार धमाधम ढलिरहेका छन् र नयाँ सरकार बनिरहेका छन् । यो सरकार परिवर्तन जनताको चासो र चिन्ताको विषय होइन । नेताको स्वार्थ पूर्तिका लागि यो सब गरिरहेका छन् । आज जनताले अपेक्षा गरेअनुसार देशमा विकास हुनसकेको छैन । सुशासन कायम हुनसकेको छैन । सुशासन कायम हुन नसक्दासम्म देशको विकास हुन सक्दैन । यो कति लामो समय यस्तै होला चिन्ताको विषय बनेको छ । देशमा विकास निर्माण र आर्थिक सुधारका काम त्यति आश लाग्दो देखिँदैन ।

खोक्रा भाषणले देश बन्दैन । देश बनाउन योजनासहित काम गरेर देखाउन सक्नुपर्छ । यतिबेला नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार चलाएका छन् । सरकारको नेतृत्व एमाले अध्यक्ष केपी ओलीले गरेका छन् । उनलाई संसद्बाट दुई तिहाइको समर्थन प्राप्त भएको छ । आलोपालो सरकार चलाउने सहमति एमाले-कांग्रेसबीच भएको छ । सात बुँदे सहमति अनुसार सरकार निर्माण भएको हो । बीचमा सहमति नटुटे चुनावअघिदेखि कांग्रेसले सरकारको नेतृत्व लिने भएको छ । देशको विकास, सुशासन, जनताको आर्थिक उन्नतिमा अनि राजनीतिक स्थायित्वका लागि अब ठूला राजनीति दलहरूले गम्भीर भएर सोच्नुपर्ने भएको छ । देशमा विकास र समृद्धि पूरा हुन नसकेको प्रमुख कारणमध्ये भ्रष्टाचार हो । त्यसैले २०४६ सालपछि सार्वजनिक पद धारण गरेका कर्मचारीदेखि राजनीति नेताहरूको समेत सम्पत्ति छानविन हुनुपर्छ । स्रोत नखुलेको सम्पत्ति जफत गरेर विकास निर्माणमा लगाउनुपर्छ । यो आँट गर्न सक्नुपर्छ वर्तमान सरकारले । देशलाई सधैँभरि यस्तै अवस्थामा राख्न सकिँदैन । लामो समयदेखि भ्रष्टाचार मौलाएकै कारण देशको गति रोकिएको छ । अब सरकारले आमनेपालीलाई महसुस हुनेगरी र जनतामा भरोसा हुनेगरी कार्य गर्नुपर्दछ । त्यसो भयो भनेमात्र केही हुनसक्छ । सरकारले जनतामा भरोसा र आशा जगाउने गरी काम गर्न सक्नुपर्छ । सरकार भनेको अभिभावक हो । जनताले सरकारबाट धेरै कुराको आश गरेर बसेका हुन्छन् । आशानुसार परिणाम जनताले पाएनन् भने जनता असन्तुष्ट हुन्छन । जनताको असन्तुष्टि सडकमा पोखियो भने त्यसले समस्या निम्त्याउँछ । देशमा बेरोजगारी समस्या व्यापक बढेर गएको छ । यसको समाधान खोज्न अहिलेसम्म कुनै पनि सरकार सफल भएका छैनन् । वर्तमान सरकारले आमयुवाहरूलाई स्वदेशमै रोजगारीको सिर्जना गर्नुपर्छ । उद्योग व्यवसाय र उत्पादनमा युवाहरूलाई जोड्नुपर्छ ।

देशमा उत्पादन कम हुँदै गएकाले महँगी बढ्दै गएको हो । महँगीले नेपाली जनता रुनु कि हाँस्नुको अवस्थामा छन् । जनताले तिरेको कर सही रूपमा सदुपयोग हुन सकेको छैन । जनता कर तिर्छन् तर त्यस अनुसारको सुविधा राज्यले जनतालाई दिन सकेको छैन । देशको आर्थिक अवस्था सुधार गर्न र भ्रष्टाचार नियन्त्रण गर्न, जनताले चाहेको सुशासन, आर्थिक उन्नतिमा सरकारले विश्वासयोग्य वातावरण सिर्जना गर्नुपर्छ । नेपालमा देखिएको सहकारी समस्या समाधान गर्न सरकार लागि पर्नुपर्नेछ । किनकि लाखौं जनताको वचत सुरक्षा हुनुपर्छ ।

कुनै पनि देशमा चर्को ब्याज लिने-दिने क्रियाकलापले आर्थिक उन्नति र उत्पादन बढ्न सक्दैन । यो समस्या जनताले सडकमा आएर राखेका हुन् । अहिलेसम्म सहकारी पीडितले न्याय पाएका छैनन् । संसद्ले सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा अध्ययन गर्न सात सदस्यीय संसदीय छानविन विशेष समिति गठन गरेको थियो । एमाले सांसद सूर्यबहादुर थापालाई समितिको संयोजकको जिम्मेवारी दिइएको छ भने समितिमा कांग्रेसका सहमहामन्त्री बद्रीप्रसाद पाण्डे र ईश्वरीदेवी न्यौपाने, एमालेबाट संयोजक थापासहित सरिता भुसाल, राप्रपाका ध्रुवबहादुर प्रधान, माओवादी केन्द्रका लेखनाथ दाहाल र रास्वपाका शिशिर खनाल सदस्य छन् । नेपाली कांग्रेसले सहकारी अपचलनमा तत्कालीन उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने जोडिएको भन्दै संसदीय छानविन समितिको माग गर्दै संसद् अवरोध गरेपछि समिति गठन भएको थियो । गत जेठ १५ गते यो समिति गठन भएको हो । प्रतिनिधिसभा नियमावली-२०७९ को नियम १८० बमोजिम 'सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति' गठन गरिएको थियो । समितिलाई रवि लामिछाने जोडिएका सहकारीलगायतका अन्य २९ वटा संकटग्रस्त सहकारीको छानविनका लागि कार्यादेश दिइएको छ । छानविन समितिलाई तीन महिनाको समय दिइएको छ । गठनपछिको प्रगति के भइरहेको छ ? जनता चासोका साथ हेरिरहेका छन् । हिजो कांग्रेसले जोड तोडका साथ उठाएको यो मुद्दा कसरी किनारा लाग्छ र आफ्नो फसेको धन जनताले कहिले पाउँछन् प्रतीक्षारत छन् आमसहकारी पीडित । देशमा भइरहेको अस्थिर राजनीतिले समस्या बल्झिरहेको छ ।

लामो समयदेखि अस्थिर राजनीतिले गर्दा मुलुक अघि बढ्न सकिरहेको छैन । स्थायी सरकार दिन्छौं, आमजनतमा आशाको दियो बाल्छौं भनेर वर्तमान सरकार गठन भएको छ । तमामा समस्याका बाबजुद पनि कांग्रेस-एमाललेको सरकारले जनताका तमाम समस्यालाई कसरी सम्बोधन गर्छ, आशाको दियो कसरी बाल्छ त्यो प्रतीक्षाको विषय छ । २०४६ सालपछि नेपालमा नेपाली कांग्रेसको नेतृत्वमा एकमना सरकार एकपटक बने पनि दलभित्रका नेताहरू आपसमा मिल्न नसकेपछि त्यो सरकार विघटन हुन पुगेको थियो । त्यसपछि नेपालको इतिहासमा कुनै पनि दलले पाँच वर्ष सरकार टिकाउन सकेका छैनन् । समानुपातिक निर्वाचन प्रणालीका कारण कुनै दलले बहुमत ल्याउनसक्ने अवस्था देखिँदैन । दलहरू एक-आपसमा विश्वास कायम गर्न सकिरहेका छैनन् । दलहरू सत्ताका लागि जे पनि गर्न तयार भएको विगतमा दिनमा हामीले देख्दै भोग्दै आएका छौं । जनताले लडेर ल्याएको उपलब्धि गुम्ने हो कि भन्ने चिन्ता छ । जनताको त्याग र बलिदानले प्राप्त उपलब्धि जोगाउने दायित्व मुख्य दलहरूको हो ।

नेपालमा लामो समयदेखि जारी राजनीतिक अस्थिरताको फाइदा लिन केही तत्वहरू सक्रिय बन्दै पनि छन् । ती तत्वहरूलाई खेल्न नदिन राजनीतिक दलहरू नै चनाखो बन्नुपर्र्ने हुन्छ । दलभित्रको आन्तरिक लोकतन्त्र कमजोर हुँदै गएको छ । निष्ठाको राजनीति हराउँदैछ । नेताहरू कमाउनेतर्फ लागे । अर्कोतर्फ दलीय नेताको संरक्षणमा भ्रष्टहरूको मनोबल बढ्दै गएको छ । दलका नेता नै इमानदार बन्न नसक्दा आज राजनीति फोहोरी खेलमा परिणत भएको छ । सरकार बदलिए पनि जनताको आवश्यकता कुनै पनि सरकारले पूरा गर्न सकेका छैनन् । व्यवहारमा लागु हुने गरी कुनै पनि दलहरूले काम गरेको पाइएन । जनताप्रति उत्तरदायित्व भएको पाइएन विगतका दिनमा । यतिबेला देशमा बाढीपहिरोले जनताको धनजनको क्षति भइरहेको छ । पीडितहरूले समयमा राहत पाउन सकिरहेका छैनन् । सरकार देश र जनताको पक्षमा खरो रूपमा उत्रनुपर्नेमा कछुवाको गतिमा हिँडिरहेको प्रतीत हुन्छ । जनताका जल्दाबल्दा समस्या ज्युँका त्युँ छन् । ती समस्या कहिले समाधान हुन्छन् ? कुरामात्र गरेर हुँदैन, व्यवहारमा देखाउनुपर्ने जरुरी छ । देशमा सरकार भएको अनुभूति दिलाउन सक्नुपर्छ । त्यसो भयो भनेमात्र जनतामा थोरै भए पनि आशा पलाउन सक्छ । राजनीति अस्थिरताले आज देश थिलथिलो छ । राजनीति अस्थिरता अन्त्यका लागि अब जनताले सोच्नुपर्ने भएको छ ।

नेपालको संसदीय इतिहासमा यतिबेला नौलो सरकारको अभ्यास प्रारम्भ भएको छ । आलोपालो प्रतिपक्षीको भूमिका निर्वाह गर्दै आएका दुई प्रमुख प्रतिस्पर्धी दलको मिलापबाट देशको बागडोर सुरु भएको छ । आफू बाँचुन्जेल राजनीतिमा उथलपुथल ल्याइरहने पुष्पकमल दाहाल 'प्रचण्ड'को जादुमयी ३२ संख्या प्रतिपक्षमा पुगेको छ । अलग-अलग सिद्धान्त बोकेका ठूला दुई दलको सहयात्रा कतिको सहज हुने हो आगामी दिनले बताउने नै छ । मुलुकलाई समृद्धिको लयमा दोहोऱ्याउने चिन्ताभन्दा सत्ता स्वार्थ केन्द्रित राजनीतिमा रुमलिरहेको देशको राजनीतिल अब केही स्थिर हुन्छ कि प्रतीक्षा गरौं । मुख्य दलको अदूरदर्शिताले मुलुकमा अस्थिरताले जरा गाडेको यथार्थ हामीसामु जगजाहेर नै छ । अब भने कांग्रेस र एमालेको गठबन्धन सरकारले मुलुकमा नयाँ आशाको किरण झुल्किन थालेको जस्तो देखिन्छ तर सत्ता स्वार्थको पगरी गुथेका दलीय नेतृत्वलाई विश्वास गरिहाल्ने अवस्था भने अझै छैन । कांग्रेस र एमालेले गठबन्धनको औचित्य पुष्टि कसरी गर्छन् त्यो हेर्न बाँकी छ । आमजनताले महसुस गर्नेगरी दलीय स्वार्थभन्दा माथि उठेर राजनीतिक स्थिरतासहित मुलुकको समृद्धितर्फ आफूलाई अघि बढाउलान वा दलगत, पार्टीगत, गुटगत, र व्यक्तिगत स्वार्थमा रुमलिरहलान् अब उनीहरूको अग्नि परीक्षा सुरु भएको छ । पुराना रोग नीतिगत भ्रष्टाचार र अस्वस्थ प्रतिस्पर्धालाई वर्तमान सरकारले कसरी निस्तेज गर्ला प्रतिक्षा गर्नबाहेक अहिले अरू केही गर्न सकिँदैन । नेपालको राजनीतिमा कांग्रेस र एमाले नै प्रमुख शक्ति हुन् भनेर प्रमाणित गर्ने अवसर अहिले यी दललाई जुरेको छ । यो एतिहासिक अवसरलाई कसरी अघि बढाउलान्, त्यो समयले बताउने नै छ । ***(डा. उपाध्याय १५३ विश्वकीर्तिमानी व्यक्ति समेत ड हुन् ।)***

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नर्याँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । | **तुला** : मध्यम खालको दिन छ । ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । |
| **वृष** : रमणीय र सुखद् यात्राको योग छ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **वृश्चिक** : नयाँ शिक्षा र ज्ञान सिक्ने मौका मिल्नेछ । |
| **मिथुन** : सामाजिक कार्यमा रुचि बढ्नेछ । विद्या र बुद्धिको विकास पनि हुनेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कर्कट** : गरेको कार्यमा सफलता मिल्ने छ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ | **मकर** : इनाम र प्रतिष्ठा कमाउने बेला छ । विशिष्ट व्यक्तिको साथ पाइनेछ । |
| **सिंह** : सानातिना समस्यामा अल्झनुपर्नेछ । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । | **कुम्भ** : मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । |
| **कन्या** : लाभदायक यात्रा पनि रहला । कुनै कुराले मनमा शान्ति छाउनेछ । | **मीन** : एउटै कामबाट लाभ मिल्नेछ । सेयरको कारोबारमा फाइदा हुनसक्छ । |

## शिक्षा

# नि:शुल्क कानुन पढाउँदै नगरपालिका



बागलुङ नगरपालिकाले कानुन विषय अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्न थालेको छ । प्राविधिक तथा अन्य विषयलाई राज्यले समेत प्रोत्साहन गरे पनि कानुन विषय थोरैको रोजाइमा पर्ने भन्दै कानुन पढ्ने विद्यार्थी बढाउन पहिलोपटक छात्रावृत्तिका व्यवस्था मिलाउन आवेदन खुलाएको छ । सबै वर्ग, तह र तप्काका व्यक्तिको न्यायमा सहज र सरल पहुँच स्थापित गर्न कानुनका विद्यार्थी उत्पादन गर्न आवश्यक रहेको भन्दै नगरपालिकाले एक वर्षमा २० विद्यार्थीलाई कानुन विषय पढाउने भएको छ । न्याय खोज्न अदालत मात्र जाने परिपाटीलाई हटाउन, स्थानीय तहको न्यायिक समितिप्रतिको पहुँच विस्तार गर्न सहयोग पुग्ने गरी नगरपालिकाभित्रका विद्यार्थीलाई कानुन विषयमा अध्यापन गराउन कक्षा ११ र १२ मा लाग्ने सबै शुल्क तिर्ने भएको हो । न्यान सम्पादनमा कानुनी विज्ञता भएका व्यक्तिको अभाव, कानुनप्रति विद्यार्थीको आकर्षण नहुनुलाई मध्यनजर गर्दै कानुन विषयमा अध्ययन गर्ने विद्यार्थीलाई नि:शुल्क पढाउने व्यवस्थाका लागि विद्यार्थीलाई आवेदन माग गरिएको बागलुङ नगरपालिका नगरउपप्रमुख राजु खड्काले जानकारी दिए । 'न्यायिक समितिलाई संविधानले न्यायको पहुँच स्थानीयस्तरसम्मै सुनिश्चित गर्ने हेतुले अघि सारेको विषयलाई विश्वसनीय ढङ्गले आमजनतामाझ पुर्याउन जरुरी छ', उपप्रमुख खड्काले भने, 'समुदायमा न्यायिक ज्ञान अभावले धेरै जनताले दु:ख पाइरहेको देखेर बागलुङ नगरपालिकाका विद्यार्थीलाई कानुन विषयमा अध्ययन गर्ने वातावरण तयार गरी जनताको न्यायको सारथी बनाउने हाम्रो प्रयास हो ।' समाजमा कानुनको अध्ययन र कुशल मेलमिलापकर्ताको आवश्यकता महसुस गरेर न्यायिक समितिले कानुन पढाउनका लागि विदार्थीलाई प्रोत्साहन गर्न थालेको खड्काले बताए । कानुन विषय अध्यापन गराइरहेको आदर्श विद्यामन्दिर माध्यामिक विद्यालयसँग एक वर्षमा कक्षा ११ र १२ का विद्यार्थी गरी १०-१० जनाको सम्पूर्ण शुल्क व्यहोर्ने गरी सम्झौता गरिने छ ।

*-रातोपाटी डटकम*

# उपकुलपति-रजिस्ट्रार द्वन्द्व: रोक्ला त सरकारले ?

**नारायण वली**




**लुम्बिनी,** नेपाल संस्कृत विश्वविद्यालय बेलझुण्डी दाङका भीसी प्राडा यादवप्रकाश लामिछाने र कुलसचिव 'रजिस्ट्रार' प्रा माधव अधिकारीबीच चुलिएको वैयक्तिक द्वन्द्वका कारण विश्वविद्यालय तहसनहस पर्ने खतरा बढेको छ । दुई जनाबीच चुलिँदै गएको विवादले विश्वविद्यालयमा अध्ययनरत झण्डै ६ हजार विद्यार्थीहरुको पठनपाठनमा प्रभाव पर्न सक्ने सम्भावना देखिएको छ । भिसी र रजिस्ट्रारको विवाद लगायत अन्य विषयहरुको समाधानको माग राख्दै गत जेठ २ गतेदेखि विभिन्न विद्यार्थी संगठनहरुले गरेको तालाबन्दी हालसम्म खुल्न सकेको छैन । एउटै संगठनको सिफारिसमा नियुक्ति भएका धनकुटाका उपकुलपति लामिछाने र दाङका कुलसचिव अधिकारीबीच देखिएको टकराबले विश्वविद्यालयको गरिमामा समेत असर पर्ने स्थानीय सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन् । ७२ दिनदेखि नेविसंघले आर्थिक अनियमितताको छानबिन हुनुपर्ने माग गर्दै तालाबन्दी गरेको छ भने अनेरास्ववियुले रजिष्ट्रार निलम्बन गरिएको निर्णयविरुद्ध अर्को तालाबन्दी गर्दै आएको छ । कुलसचिव 'रजिष्ट्रार' अधिकारीलाई आर्थिक प्रशासन शाखा र कर्मचारी प्रशासन राम्रोसँग नहेरेको, प्रोटोकल मिचेर कामकारबाही गरेको, नीति नियमभन्दा बाहिर गएर कार्य गरेको र त्रुटि गर्ने तर स्वीकार नगर्नेलगायत आरोप लगाउँदै भिसी लामिछानेले निलम्बन गरेपछि उनीहरुबीचको विवाद चरम उत्कर्षमा पुगेको हो । विश्वविद्यालयका उपकुलपति प्राडा यादवप्रकाश लामिछानेले नियमसंगत काम नगर्ने, कार्यकारीले गरेको निर्णयलाई नमान्ने, विश्वविद्यालयका गोपनीय सूचना सार्वजनिक गरेको, विश्वविद्यालय अन्तर्गत पर्ने जनता विद्यापीठमा कार्यरत श्रीमती रम्भा अर्याललाई लिएर मनमौजी भ्रमण गएको विषयमा स्पष्टीकरण सोधिएकोमा गल्तीलाई स्वीकार नगरेर आफूले केही पनि नगरेको भनेर जवाफ फर्काएपछि अनुशासनको पालनालाई ख्याल गर्नुपर्ने यद्यपि त्यसो नगरिए विश्वविद्यालयको गरिमामा आँच आउने, हानि नोक्सानी हुने कार्य गरेको भन्दै ने.स.वि. ऐन २०४३ 'शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०७७ समेतको' दफा १६ को उपदफा १० मा व्यवस्था भएअनुसार नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपतिको उल्लेखित निहित अधिकार प्रयोग गरी निलम्बन गरिएको बताए । भीसी लामिछानेले थपे, 'रजिष्ट्रार अधिकारीलाई गत असार २६ गते ४ बुँदे स्पष्टीकरण सोधिएको थियो । उहाँबाट चित्तबुझ्दो जवाफ आएन त्यसैले अर्को दिन 'असार २७' गते निलम्बन गरिएको हो । उहाँले आफ्नो पदीय जिम्मेवारीलाई भुलेर काम गर्दै गएपछि उहाँलाई स्पष्टीकरण सोधिएको हो। प्रक्रिया पुर्याएर निलम्बन गरिएको छ ।' कुलसचिव 'रजिस्ट्रार' प्रा. माधव अधिकारीले भने आफूलाई सुनियोजित रुपमा षडयन्त्र गरेर आधारहीन आरोप लगाएर बद्नाम गर्न खोजिएको बताएका छन् । हाम्राकुरासँग उनले भने, 'ममाथि लगाइएका आरोपहरुको खण्डन गर्न तयार छु । म स्थानीयबासी पनि हुँ, विश्वविद्यालय हाम्रो गहना हो । म स्थानीय भएकाले गल्ती गर्ने र मनलाग्दी गर्ने छुट छैन । खासमा भीसी साब र मेरो बिचको सम्बन्ध किन चिसियो भन्ने कुरा यस्तो छ:, 'विश्वविद्यालयका निकायहरुमा आवश्यक व्यवस्थापन गर्नुपर्ने र रिक्त रहेका पदहरुमा विज्ञापन गरी नयाँ कर्मचारीको पदपूर्ति तथा बढुवाको प्रक्रिया चालु गर्नुपर्नेमा उल्टै चोर बाटो प्रयोग गरी आफ्नो पदको दुरुपयोगसमेत गरी कार्यालयभन्दा बाहिर कुनै अमूक ठाउँमा कार्यकारी परिषद्को बैठक राखेर करारमा ठाडो भर्ती गर्ने तथा जथाभावी बढुवा गर्ने, कायममुकायम दिने जस्ता गैरजिम्मेवारीपूर्ण कार्य र नयाँ नियुक्तिको बारेमा टिप्पणी प्रस्तुत गर्न भन्नुभएको थियो, मैले त्यो गरिन । किनेभने कानूनभन्दा बाहिर गएर कसैलाई काम गर्न मिल्दैन, त्यही इगोलाई लिएर मलाई निलम्बन गरिएको हो ।' 'भीसी लामिछानेको अनुमति लिएर बिदा बसेको मान्छेलाई निलम्बन गरिनु कस्तो कुरा होला आफै बुझ्नुस', रजिष्ट्रार अधिकारीले भने । आधिकारीक कुनै पनि सूचना वा प्रष्टीकरण पठाउनु परेमा संस्थाको आधिकारीक स्रोत उपयोग गर्नुपर्नेमा मलाई प्रष्टीकरण सोध्दा पनि भीसी साबले गैरकानूनी रुपमा एउटा प्राइभेट कम्प्युटर इन्स्टिच्युटको मेलबाट प्रष्टीकरण पठाए । उनले आफूमाथि आर्थिक अनियमितताको आरोप लगाइएको बारेमा प्रमाणसहित आरोप लगाउनुपर्ने भन्दै चरित्रहत्या गर्न नपाइने आक्रोश पोखे । श्रीमतीलाई विदेश भ्रमण लगेको भन्ने आरोप छ नि ? भन्ने जिज्ञासामा उनले भने, 'म स्वस्थ्य नभएकाले लामोसमय यात्रा गरेपछि ढाड दुख्छ, म ढाडको बिरामी हुँ, औषधि सेवन गर्छु । त्यसैले त्यसमा सहज होला भनेर भारतमा ओमशान्तीको कार्यक्रममा जाँदा लगेको हुँ त्यो खर्च विश्वविद्यालयको भएको छैन, व्यक्तिगत गरेको छु । ५० हजारभन्दा माथिको खर्च मेरो अधिकारमा हुँदैन मैले कसरी गरेँ आर्थिक अनियमितता ?' उनले प्रमाण सार्वजनिक गर्न माग गरेका छन् । झण्डै ६ हजार विद्यार्थी रहेको विश्वविद्यालयका ११ वटा आंगिक क्याम्पस र ३ वटा सम्वन्धन प्राप्त विश्वविद्यालय छन् । भिसी लामिछानेको कार्यकाल आगामी असोज १० गते सकिदैँछ भने र रजिष्ट्रार अधिकारीको कार्तिक १३ गते सकिनेछ । निकटस्थहरुको छुट्टाछुट्टै बुझाई भीसी निकटस्थ कर्मचारीहरुले आर्थिक अपचलन रोकेर संस्थागत बनाउन खोज्दा अधिकारी पक्षले साथ नदिएको आरोप लगाउँछन् भने अधिकारी पक्षधर कर्मचारीहरुले विश्वविद्यालयका उपकुलपति जस्तो गरिमामय पदको मान्छे भीसीले कार्यालयमा समय नदिने र अनावश्यक कुरामा बढी चासो बढाउँदै गएका कारण दुई जनाबीच भएको विवाद बाहिर छरपष्ट भएको बताउँछन् । यो समस्या समाधानका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले कत्तिको चासो राख्छन् त्यसमै ६ हजार विद्यार्थीको भविष्य तय हुनेछ ।

*-हाम्रा कुरा डटकम*

# कथ्य र लेख्य ज्ञान विचार

**डा. नारायणप्रसाद निरौला**



ज्ञानलाई व्यक्त गर्ने दुई माध्यम छन् कथ्य र लेख्य । कथ्य परम्परा सर्वप्राचीन मानिन्छ । लेख्य परम्पराको इतिहास केही सय वर्षभित्रको मात्र छ तर कथ्य परम्पराका विषयवस्तु सृष्टिदेखिका नै पाइन्छन् । वर्तमानमा डिजिटल प्रविधिको पनि प्रवेश भएको छ । जसले कथ्य र लेख्य दुवै प्रकारलाई सुरक्षण गर्न सक्ने सामर्थ्य राख्दछ । हाम्रो इतिहासलाई हेर्ने हो भने कथ्य वा श्रुति परम्पराको ज्ञानलाई विशेष जोड दिएको पाइन्छ । लेख्य विषयवस्तुको प्रयोगमा कठिन भएर पनि हुनसक्छ । तर, ज्ञानलाई दीर्घजीवी बनाउनका निम्ति कथ्य परम्परा बलियो हुने भएर पनि हुनसक्छ हाम्रा अधिकांश ज्ञानराशि कथ्य परम्परामा आधारित छन् । वेदको अर्को नाम श्रुति हो । जुन सुन्ने सुनाउने परम्परामा चल्ने गर्दछ । हाल पनि वेद पाठ गर्ने चलन छ । यो कथ्य परम्पराको वा श्रुति परम्पराको ज्वलन्त उदाहरण हो । वस्तु कति दीर्घकालीन रहने भन्ने कुरा प्रयोक्ताको प्रयोगमा पनि निर्भर रहने गर्दछ । प्रयोक्ताले प्रयोग गर्दै गए र पुस्तान्तरण पनि हुँदै गयो भने त्यो ज्ञान जीवन्त बन्न पुग्छ । एक पुस्ताबाट मेटियो भने अर्को पुस्ताले पाउन सक्ने सम्भावना पनि न्यून रहने गर्दछ । यस सन्दर्भमा भने लेख्य वस्तुले केही पुस्तालाई धान्न सक्छ त्यसमा पनि त्यो ज्ञानले महत्व पाएन भने त्यही सकिएर जन्छ तर कथ्य निरन्तर रहिरहन सक्ने सम्भावना हुन्छ । सामान्य दृष्टिले हेर्दा लेख्य रूप बलियो भन्न सकिएला तर वर्षौंसम्म रहन सक्ने ज्ञान कथ्य परम्परामै आश्रित पाइन्छ । संसारमा सबै कुरा लेखेर साध्य छैन । यसैगरी लेखेका कुरा पनि वर्षौं सुरक्षित राख्ने प्रविधि पनि छैन । यसैगरी राखिएका कुरा बुझ्न सक्ने जनशक्तिको पनि कमी रहन सक्छ । समयको गतिसँगै लेख्य लिपिमा पनि भिन्नता आउने गर्दछन् । जसले लेख्य विषयवस्तु पनि निरन्तर पुस्तान्तरण नै हुनुपर्दछ । यसैले लेख्य वस्तुले छोटो समयमात्र धान्न सक्ने देखिन्छ । लेख्य पुस्तान्तरण गर्न पनि कथ्य पक्ष बलवान् हुनुपर्दछ अन्यथा लेख्य रूप पनि हराउन सक्ने सम्भावना रहन्छ । लेख्यभन्दा कथ्य वस्तु अधिक प्रभावकारी पाइन्छन् । जसलाई व्यवहार र संस्कृतिसँगै सञ्चरण गराउँदा त्यो जीवित रहने सम्भावना अधिक हुन्छ । श्रुति परम्परामा ज्ञानका अनन्त राशि निरन्तर प्रवाहित भइरहन्छन् । जसलाई व्यक्त गर्ने माध्यम मध्येको एक लेख्य रूप हो । वर्तमानमा लेख्य विषयलाई प्रमाण मान्ने चलन छ । सृष्टिको आदिकालदेखि चलेको मूल ज्ञान वा प्रमाण भनेको कथ्य हो । सूक्ष्म रूपमा टिकाउका हिसाबले हेर्ने हो भने कथ्य ज्ञानको आयु निकै लामो रहेको पाइन्छ । एक ज्ञान एक व्यक्तिमा एक पुस्ता र अर्को पुस्तालाई प्रसारण गर्दा अर्को पुस्ता क्रमश: फैलिँदै जान्छ तर लेख्य वस्तु पुस्तकमा सीमित रहने सम्भावना अधिक हुन्छ । उही जीवनउपयोगी, व्यवहार उपयोगी भयो र त्यसलाई प्रयोक्ताले पनि प्रयोगमा ल्याए भने त्यो निन्रतर सञ्चरण भइरहन्छ । जीवन्त बन्नका निम्ति कथ्य रूपमा प्रवाहित भएको ज्ञान नै अलि मजबुत रहन सक्ने देखिन्छ । लेख्य वस्तुको सीमितता पनि रहन्छ । एक त कागजको आयु निश्चित हुन्छ । लाइब्रेरीमा राखिएका पुस्तक पनि एक दुई सय वर्षपछि ती काम नलाग्ने अवस्थामा पुग्छन् । ती पुस्तकको पुन: संस्करण प्रकाशन भएन भने कालान्तरमा ती पुस्तकको अस्तित्व नै नामेट हुनसक्ने स्थिति रहन्छ । हुन त वर्तमानमा डिजिटलको युग आएको छ तर डिजिटलको पनि भर पर्न सक्ने स्थिति छैन । यसलाई पनि संरक्षण गर्नका निम्ति निकै परिश्रम गर्नुपर्ने हुन्छ । पछि गएर लिपिमा पनि समस्या आउन सक्ने स्थिति रहन्छ । यसैले पाठ पढाउने, घोक्ने र कण्ठस्थ गर्ने गराउने परम्परा चलेको हो । कण्ठस्थ गरिएका कुरा एकले वाचन गर्दा धेरै व्यक्तिलाई सुनाउन सकिन्छ । सुनेको कुरा अर्को व्यक्तिमा पनि सञ्चरण हुन्छ र त्यो ज्ञान जीवित रहने सम्भावना अधिक हुन्छ तर लेख्य वस्तुको पुनर्लेखन नै गर्नुपर्दछ । त्यसका निम्ति व्यक्ति तत् भाषा र ज्ञानका नि:पूर्ण हुनु आवश्यक छ । अन्यथा उक्त ज्ञानले पुस्तान्तरण गर्न पाउँदैन तर कथ्यमा यो सीमितता रहँदैन । सुनेकै भरमा पनि अर्कालाई सुनाउन सक्ने सामर्थ्य हुन्छ । पूर्ण विषयवस्तु नभए पनि आंशिक ज्ञानको पुस्तान्तरणका निम्ति विज्ञ नै हुनु आवश्यक भएन तर लेख्य वस्तुका निम्ति यो कठिन रहन्छ । लेख्य वस्तु कागजमा सीमित हुन्छन् र कागजको आयुसँगै सकिएर पनि जान्छन् । यसैगरी लेख्य लिपिमा पनि समयसँगै भिन्नता हुँदै जान्छ । आजका कम्प्युटरका यी अक्षर पनि अबको सय वर्षपछि भिन्नै हुन्छन् । यी लिपि बुझ्ने विज्ञको कमी रहन सक्छ । जसरी आज हामी प्राचीन लिपि बुझ्न सक्दैनौं । ब्राफमी लिपि जान्न सक्ने व्यक्ति वर्तमानमा पनि सीमित छन् । उक्त लिपिका ज्ञान अर्को देवनागरीमा परिवर्तन नगर्ने हो भने त्यो ज्ञानराशि त्यहीँ सीमित हुँदै हराएर जाने सम्भावना अधिक रहन्छ । यसैले हाम्रा ऋषिमहर्षिले लेख्य परम्परालाई सीमित राखेको हुनुपर्दछ । लेख्यलाई भन्दा कथ्य परम्परालाई नै जोड दिएको हुनुपर्दछ । रामायण पनि श्रुति परम्पराकै देन हो । यदि श्रुति परम्परामा रामायण नभएको भए लेख्य विषय लोप भएर गइसक्थे । रामायणका पनि अनेकौं पाठ भेद छन् । यसैगरी श्रुतिभेद पनि पाइन्छन् तर लेख्यभन्दा कथ्य पक्ष हाल पनि बलवान् देखिन्छ । रामकथा पढ्नेभन्दा सुन्नेको संख्या नै अधिक छ । यसैले पुराण पनि सुनाइन्छन् । भागवतका कथा सुनाउने भएकाले नै श्रीमद्भागवत महापुराणका विषयमा थुप्रै टीका भएका पुस्तक पनि पाइन्छन् । कथ्य पक्ष बलियो हुँदै गर्दा त्यसले लेख्य रूपको पनि श्रीवृद्धि गर्ने गर्दछ । भागवत जसरी अन्य पुराण वाचन गर्ने, सुन्ने सुनाउने चलन कम छ । जसले क्रमश: ती पुराणमा लेख्य प्रति प्राप्त गर्न पनि कठिन हुने स्थिति छ किनकि ती अन्य पुराणले कथ्य सञ्चरण पाएनन् यसैले लेख्य रूप पनि सीमित हुँदै गएका छन् । ज्ञानको कथ्य माध्यम बलियो भयो भने लेख्य पक्षलाई पनि सबल बनाउने गर्दछ । पुस्तान्तरणमा पनि कथ्यले नै विशेष भूमिका खेलेको पाइन्छ । लेख्य वस्तुलाई कथ्यको सहायकका रूपमा नै प्रयोग गरिएको पाइन्छ । लेख्य ज्ञानका निम्ति अधिक परिश्रम, खर्चका साथै विज्ञ व्यक्तिको जरुरत पर्ने गर्दछ तर कथ्यका निम्ति यति कुरा पूर्णत: आवश्यक नहुन सक्छन् । सहजत: ज्ञानको प्रसार हुनसक्छ । संसारमा जतिसुकै प्रविधि आए पनि सबै कुरालाई कैद गर्न गाह्रो छ । कैद गरिएका कुरा कालान्तरमा जान्न पनि गाह्रो हुन्छ । आज उच्चारण हुने बोली सय वर्षपछि भिन्न हुन्छ । आजको रेकर्ड सय वर्षपछिको व्यक्तिलाई सुन्न लगाउँदा बुझ्न सक्ने कम नै हुन्छन् । तर, पुस्तामा सार्दै गएको ज्ञानले त्यो परिवर्तित अवस्थितिलाई पनि ज्ञानका राशिसँगै अद्यावधिक गर्ने गर्दछन् । जसले ज्ञान परम्परित रूपमा पुस्तान्तरित भएर जान्छ । पौरस्त्य वाङ्मयको ज्ञान श्रुतिपरम्परामै अडिएको छ । जसलाई संस्कृति र सभ्यताले मलजल गरेका हुन्छन् । कथ्य वा श्रुति परम्परामा रहेको विषयवस्तुलाई एक पुस्ताबाट अर्को पुस्तामा सार्नका निम्ति श्रुति परम्पराले विशेष भूमिका खेलेको पाइन्छ । जसलाई लेख्य विषय वस्तुले सघाएका छन् । लेख्य रूप सधैं एउटै रहने तर कथ्य रूप पृथक-पृथक रहने र कालक्रम अनुसार न्यून श्रम साधनमै पुस्तान्तरण हुँदैजाने भएकाले पनि कथ्य ज्ञान अधिक प्रभावकारी रहने देखिन्छ । यसैले पाठ कण्ठस्थ गर्ने, घोक्ने परम्परा चलिआएको हो । लेख्यभन्दा कथ्य वस्तु नै अधिक प्रभावकारी रहने चेत भएर नै हाम्रा ऋषिमहर्षिले श्रुति परम्परालाई निरन्तरता दिएका हुन् । इतिहासको कुनै कालखण्डमा नालन्दालगायता सम्पूर्ण पुस्तकालयका पुस्तक जलाउँदै गर्दा पनि व्यक्तिमा भएका कण्ठस्थ ज्ञानले पुन: छापामाध्यमा आउन सघाए । यदि ती ज्ञान केवल पुस्तकमा मात्र सीमित रहेका भए आज हाम्रा यी अथाह ज्ञान राशिलाई आज पाउने थिएनौं । यसैले दीर्घकालीन र अधिक समयसम्म चिरजीवी रहने ज्ञानको माध्यम कथ्य रूप नै हो जुन हाम्रो संस्कृति र परम्परासँग जोडिएको हुन्छ, जसलाई निरन्तरताका निम्ति लेख्य रूपले पनि साथ दिएको पाइन्छ । यसैले कथ्य वा श्रुति परम्परालाई पनि शिक्षाको नीतिमा अवलम्बन गर्नु श्रेयष्कर रहने देखिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

# आज विश्व बाघ दिवस मनाइँदै



**पाल्पा,** साउन १३/आज विश्व बाघ दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । बाघको संरक्षणार्थ उनीहरूको बास स्थानको संरक्षण, जनचेतना वृद्धि, संरक्षणका मुद्दाहरूको उठानका साथै बाघ संरक्षणमा भएका प्रयासहरूका विषयमा विभिन्न कार्यक्रम गरी हरेक वर्ष जुलाई २९ तारिख अर्थात् आजको दिन यो दिवस मनाउने गरिएको हो ।

गत वर्षदेखि यस दिन नेपाल टेलिकमका टेलिफोन सेवामा बाघ संरक्षणका लागि सचेतनासम्बन्धी 'रिङटोन' बज्ने व्यवस्था समेत गर्ने गरिएको छ । सन् २०१० मा रुसको सेन्ट पिटर्सबर्गमा भएको बाघ पाइने विभिन्न १३ मुलुकका राष्ट्र र सरकार प्रमुखको सम्मेलनले विश्वमा बाघको संख्या दोब्बर पुऱ्याउने संकल्प गरेको थियो । सो संकल्पअनुसार नेपालले हरेक वर्ष बाघ संरक्षणका विषयमा चासो दिदै यो दिवस मनाउने गरेको छ । बाघ संरक्षणका लागि सरकारले वार्षिक करोडौं बजेट समेत विनियोजन गर्दै आएको छ । तर पछिल्लो समय बाघहरुको उचित व्यवस्थापन हुन सकेको छैन् । वन्यजन्तुको बढ्दो भीडले निकुञ्जहरु साँघुरिएर बाघको प्राकृतिक वृद्धिका लागि प्रतिकूल बनिरहेका छन् । नेपालले बाघ वृद्धि गर्ने विषयमा चासो दिए पनि त्यसको दीगो संरक्षणमा भने त्यत्ति चासो दिएको देखिदैन । बाघको संख्या बढेसँगै यसको दीगो संरक्षणमा चुनौती थपिएको हो । मानवसँगको बढ्दो द्वन्द, साँघुरिएको बासस्थान र आहारा अभाव लगायत चोरी सिकारीको थ्रेट पछिल्लो समय बाघ संरक्षणमा प्रमुख चुनौतीका रुपमा देखिएको छ । विकास निर्माण लगायत वनक्षेत्र अतिक्रमणका कारण बाघको नयाँ बासस्थानमा समस्या आएको छ । घाँसेमैदानहरु घट्न गई आहारा प्रजातीको वृद्धिदर घटेको छ । बाघको बासस्थान पनि चरम रुपमा अतिक्रमण भइरहेको छ । बाघको अस्तित्व जोगाइ राख्न हरेक वर्ष यो दिवस मनाउने गरिएको हो । जगंलको राजा भनिने बाघ सुगठित शरीर भएको बलियो र सुन्दर स्तनधारी जनावर हो । यो बिरालो परिवारको सबैभन्दा ठूलो प्रजाति हो । यो खाद्यचक्रको उपल्लो तहमा पर्छ । छालाको पहेंलो भुईंमा काला पाटाहरुले बाघ आकर्षक देखिन्छ र प्रत्येक बाघमा पाटाहरु फरक-फरक हुन्छन् ।

# बेपत्ता बस...

...दुवै बसमा ६५ यात्रु थिए भने बस त्रिशूलीमै पुगे पनि एञ्जल बसका तीनजना यात्रुले आफैं पौडिएर ज्यान जोगाएका थिए । बाँकी ६२ जना र दुई बस त्रिशूलीमा बेपत्ता भएकोमा हालसम्म २४ वटा शव फेला परेको चितवन प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्ष तथा सूचना अधिकृत भेषराज रिजालले जानकारी दिए ।

भेटिएका शवमध्ये दुई वटा भारतीय भूमिमा भेटिएका हुन् । हालसम्म १८ वटा शव सनाखत भइ परिवारको जिम्मा लगाइएको छ । सनाखत भएका शवमा १६ वटा पुरुषको हो भने दुई वटा महिलाको रहेको प्रहरीले जनाएको छ । त्यस्तै, सनाखत भएका शवमध्ये १३ नेपाली नागरिक हुन् भने पाँच वटा भारतीय नागरिकका रहेको जनाइएको छ । बेपत्ता २५ जनाको शव फेला परेको भनिए पनि कालीगण्डकी नदीमा बेपत्ता पाल्पाको रामपुरकी ५२ वर्षीय मायादेवी विकको शव रहेको डिएसपी रिजालले एनजेडीसँगको कुराकानीमा बताए । उनले ति महिलालाई समेत बेपत्त मध्येको सूचीमा राखिएकोले २५ जना भनिएको हुन सक्ने उल्लेख गरे ।

बेपत्ता बस र शवको खोजीमा अब नेपाली प्राविधिकहरुको टोली मात्रै परिचालन हुने बताइएको छ । चार गोताखोरसहित आएका १२ जना प्राविधिकहरूले अघिल्लो आइतबारदेखि खोजीमा सघाएका थिए ।

## खेलकुद समाचार

# पेरिस ओलम्पिक : नेपालका सुस्मिता र डुवाना बाहिरिए




**काठमाडौं,** साउन १३/पेरिस ओलम्पिकको 'शुटिङ' र पौडीबाजमा नेपालका सुस्मिता नेपाल र डुवाना लामा बाहिरिएका छन् ।

पेरिस ओलम्पिकको 'शुटिङ' मा नेपालकी सुस्मिता नेपाल पहिलो चरणबाटै बाहिरिएकी हुन । आइतबार भएको महिला १० मिटर एअर राइफलमा प्रतिस्पर्धा गरेकी सुस्मिता पहिलो चरणबाटै बाहिरिएकी हुन् । उनले ६ सय ७ दशमलव ८ पोइन्ट्स प्राप्त गर्दै ४२ औं स्थानमा रहेर बाहिरिइन् । महिला १० मिटर एअर राइफलमा दक्षिण कोरिया, नर्वे, स्विट्नरल्यान्ड, चीन, भारत, काजकिस्तान र अमेरिका गरी ९ वटा देशका खेलाडी दोस्रो चरणमा पुगेका छन् । पेरिस ओलम्पिक अन्तर्गत हिजो भएका खेलमा नेपालका ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाल र टेबल टेनिसका स्यान्टु श्रेष्ठ पराजित भएका थिए । प्रिन्सले अझै दुई खेल खेल्न बाँकी छ भने स्यान्टु बाहिरिएका छन् । यस्तै डुवाना लामा पेरिस ओलम्पिक- २०२४ आन्तर्गत पौडी खेलको हिट चरणबाटै बाहिरिएकी छन् । नेपाली पौडीबाज डुवानाले दुई सय मिटर फ्रि-स्टाइलमा निर्धारित दूरी पार गर्न २ मिनेट २०.४७ सेकेन्ड खर्चिइन् । सात खेलाडी भएको हिट वानमा डुवाना अन्तिम स्थानमा रहिन् । यससँगै तीन नेपाली खेलाडीको ओलम्पिक यात्रा समाप्त भएको छ । त्यस्तै अब ओलम्पिकमा जुडोकी मनिता श्रेष्ठ प्रधान, एथलेटिक्सकी सन्तोषी श्रेष्ठ र पौडीका एलेक्स शाहले आ आफ्नो खेल खेल्न बाँकी छ ।

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य प्रति तोला एक हजारले बढ्यो



**पाल्पा**, साउन १३/नेपाली बजारमा आइतबार सुनको मूल्य बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार प्रतितोला एक हजारले सुनको मूल्य बढेको हो ।

छापावाला सुन शुक्रबार प्रतितोला एक लाख ४४ हजार सात सयमा कारोबार भएकोमा बढेर एक लाख ४५ हजार सात सय पुगेको छ । अघिल्लो दिन प्रतितोला एक लाख ४४ हजार प्रतितोलामा कारोबार भएको तेजाबी सुन बढेर एक लाख ४५ हजार निर्धारण भएको छ । यसैगरी चाँदीको मूल्य तोलामा १० ले वृद्धि भएको छ । शुक्रबार प्रतितोला एक हजार सात सय ३० मा कारोबार भएको चाँदी बढेर एक हजार सात सय ४० निर्धारण भएको छ ।

साउन २ गते सुनको मूल्यले हालसम्मकै उच्च रेकर्ड कायम गरेको थियो । त्यति बेला छापावाला सुनको प्रतितोला मूल्य १ लाख ४९ हजार ८ सय पुगेको हो । त्यस्तै तेजावी सुनको मूल्य प्रतितोला १ लाख ४९ हजार १ सयमा कारोबार भएको थियो । सुनको भाउले यतिबेला विश्व बजार नै तताई रहेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।


## शिक्षक आवश्यकता

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०४/१४**

मोहन कन्या माध्यमिक विद्यालय तानसेन-४, पाल्पाको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०३/०५ गतेको बैठक, तानसेन नगरपालिकाको च.न.३०१० मिति २०८१/०३/०७ को सिफारिस एवं शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८१/०३/०७ को च.न. १६९३ र प.स. २०८०/०८१ को अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको निम्न माध्यमिक तह विज्ञान विषयको शिक्षक करारमा नियुक्ती गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं.** : ०३/०८०/०८१, **तह** : **निम्न माध्यमिक, करार**
**विषय** : विज्ञान, पद संख्या : १ (एक)
**योग्यता** : विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह अथवा कक्षा १२ उत्तीर्ण गरेको र स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको । **तलब सुविधा** : सरकारी नियम अनुसार
**उमेर** : १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर** : रु.७००/-
**दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८१/०४/२० गते
**सम्पर्क मिति** : २०८१/०४/२१ गते कार्यालय समय भित्र,**परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता, **परीक्षा हुने मितिः** सम्पर्क मितिको दिन तोकिने छ ।
**आवश्यक कागजातहरू** : नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि, निरोगिताको प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमतिको प्रतिलिपी २/२ प्रति साथै व्यक्तिगत विवरण
**पुनश्चः शिक्षक सेवा आयोगबाट करार योग्यता सूचीमा रहेका उम्मेदवारहरुको दरखास्त आएमा अन्य उम्मेदवारहरुको दरखास्त फिर्ता गरिने छ । करार सूचीमा रहेका माथिल्लो क्रमका उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिने छ ।**
**सम्पर्क नं.** : ९८४७०४३९३६, ०७५-५२००९२

**मोहन कन्या माध्यमिक विद्यालय**
तानसेन-४, पाल्पा

## शिक्षक आवश्यकता

***प्रकाशित मिति : २०८१/०४/१३***

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०४/१३ गतेको निर्णय अनुसार विद्यालयमा आधारभूत तहका लागि विज्ञान विषय निजी स्रोतमा शिक्षक नियुक्त गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं.** : ०७/२०८०/०८१
**पद** : शिक्षक
**संख्या** : १ (एक)
**विषय** : विज्ञान
**शैक्षिक योग्यता** : विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण गरेको
**निवेदन दस्तुर** : रु.५००/-
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : विद्यालयले तोके बमोजिम
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०४/२० गते
**सम्पर्क मिति** : २०८१/०४/२० गते ४ बजे पछि
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम** : कक्षा अवलोकन र अन्तर्वार्ता
**आवश्यक कागजातहरू** : व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
**सम्पर्क नं.** : ०७५-५२०४२८, ९८५७०६०६५१

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
तानसेन-२, पाल्पा

## तानसेन बहुमुखी क्याम्पसमा भर्ना खुल्यो !

**तानसेन बहुमुखी क्याम्पस तानसेन ७, काजीपौवामा कक्षा ११ मा निम्न संकायमा भर्ना खुलेकाले छिटो सम्पर्क गर्नुहोला ।**

**संकायहरु :**
- व्यवस्थापन
- शिक्षा
- मानविकी

**हाम्रा सेवाहरु :**
-विद्यार्थीहरुको लागि क्याम्पस बसको सुविधा ।
-सबै विद्यार्थीहरुलाई वर्ष भरिनै निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराइएको छ।
-अधिकांश विद्यार्थीका लागि छात्रवृत्ति सुविधा उपलब्ध छ ।
-पर्याप्त खेल मैदानसहित अतिरिक्त क्रियाकलापको व्यवस्था छ ।
-शिक्षामा गुणस्तरियता हाम्रो प्रतिवद्धता रहेको छ ।
विस्तृत जानकारीका लागि क्याम्पस सम्पर्क : ०७५-५२२४५०
मोवाइल :९८५७०७७३१६,९८४७०३०९७५, ९८५७०६०८५०, ९८५७०६०७२६



**तानसेन बहुमुखी क्याम्पस**
तानसेन -७, काजीपौवा, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com प्रा.जि.हु.द.नं. ५/२०७८/०७९, प्रा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्दा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई